नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :- २०८१/८२
चलानी नं. :- १६९

## माछाको दानामा प्रयोग गरिने प्रोबायोटिकको शिलबन्दी मूल्य सूची पेश गर्ने सम्बन्धि सूचना

सूचना नं.-

सूचना प्रकाशित मितिः २०८१/०९/०८

यस एकाइको चालु आ.ब. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार रुपन्देहीको माछा सुपरजोन प्रभाव क्षेत्रमा मत्स्य उत्पादकत्व वृद्धिको लागि प्रोबायोटिक अनुदान सहयोग कार्यक्रमको लागि माछाको दानामा प्रयोग गरिने प्रोबायोटिकको मूल्य सुचि उपलब्ध गराउन यस एकाइमा सुचिकृत भएका र हुन चाहाने प्रोबायोटिक आपूर्ति गर्ने आपूर्तिकर्ता फर्म/कम्पनीले आ-आफ्नो संस्था सुचिकृत गरि यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट प्रोबायोटिकको मूल्य सुची प्रस्ताव फारम डाउनलोड गरि तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिलबन्दी मूल्य सुचि प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

१. शिलबन्दी मूल्य सुचि प्रस्ताव सुचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म (पौष २२ गतेसम्म) कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देहीमा संस्था सुचिकृत गरि प्रस्ताव पेश गर्नुपर्नेछ।

२. रित पुर्बक भरेको सिलबन्दी मूल्य सुची प्रस्ताव फारमको साथ आपूर्तिकर्ता फर्म/कम्पनीको इजाजत पत्र प्रतिलिपी, प्यान प्रमाणपत्र प्रतिलिपी, २०८०/८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी, राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण ब्यबस्थापन प्रयोगशालामा प्रोबायोटिक दर्ता भएको प्रमाणपत्र प्रतिलिपी, प्रोबायोटिक प्याकेजिङ्ग सहितको रंगिन फोटो, प्रोबायोटिक उत्पादन तथा बितरण गर्ने फर्म/कम्पनीको परिचय खुल्ने जानकारी र गत आ.व. हरुको प्रोबायोटिक बिक्री बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ।

३. प्रोबायोटिकको नाम, प्रयोग भएका ब्याक्टेरिया तथा अन्य तत्वहरु (CFU/gram सहित), प्रयोग गर्ने तरिका, प्रयोग गर्ने मात्रा, अध्ययन/अनुसन्धान बाट प्राप्त नतिजाहरु लगायत सो प्रोबायोटिकको बारेमा रहेका जानकारीमूलक सामाग्रीहरु सहित पेश गर्नुपर्ने छ।

४. प्रोबायोटिकको प्याकेट वा Label मा कम्तीमा पनि *Bacillus* र *Lactobacillus* अन्तर्गतका विभिन्न ब्याक्टेरियाहरुको समिश्रण भएको हुनुपर्नेछ र प्रत्येक Genus को Colony Forming Unit कम्तीमा पनि 2 Billion CFU/gram हुनुपर्ने छ।

५. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका प्रोबायोटिक आपुर्ति गर्ने आपुर्तिकर्ता कम्पनी/सप्लायर्स/संस्थाहरु मार्फत प्रोबायोटिक खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता फर्म/कम्पनीले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुनेगरी पेश भएका शिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१७३८१,९८६७२५९३४३,९८५७०११२४० मा सम्पर्क राख्नु हुन अनुरोध छ।

नारायण कार्की
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.